*Reg. No. 681* *SWC Aff. No. 15556*

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं


## प्रेस विज्ञप्ति

हाम्रो संगठन राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालका केन्द्रीय कोषाध्यक्ष तथा संस्थापक अनिल घिमिरेको यही २०६८ पौष २ गते दार्चुलाबाट कंचनपुरका लागि हिडेको बस बैतडीको बैशालीमा भएको दुर्घटनामा परि आफू सहित श्रीमति अमृता, छोरा रोशन र नाति रोहण गुमाउन पुगेका हाम्रो संगठनका श्रद्धेय कोषाध्यक्ष, सुदूरपश्चिम क्षेत्रका नक्षेत्र, दलित आन्दोलनका नेता तथा सामाजिक आन्दोलनका धरोहर अनिल घिमिरेको असमायिक निधनप्रति RDN नेपाल स्तब्ध भएको छ । उहाँ र उहाँको परिवारका अन्य ३ सदस्यहरुको मृत्यूले सुदूरपश्चिम र सिंगो दलित मुक्ति आन्दोलन शोकाकुल भएको छ । शोकको यस घडीमा शोकलाई शक्तिमा बदल्दै उहाँको सपना साकार तुल्याउन हामी सबै त्यसतर्फ लाग्ने प्रण गर्न चाहन्छौं, यही नै उहाँप्रतिको सच्चा श्रद्धान्जली हुनेछ ।

नयाँ संविधानमा दलितका मुद्दाहरु स्थापित गरी दलित समुदायले पुस्तौंदेखिको क्षेतिपूर्ति वापत वैज्ञानिक आरक्षणको सुनिश्चितता गर्नुपर्ने ऐतिहासिक घडीमा भएको यस क्षेतिले सुदूरपशिचमको दलित आन्दोलन मात्र होइन सिंगो दलित आन्दोलनमा अपुरर्णीय क्षेति भएको छ । उहाँको अगुवाई तथा सहभागितामा सुदूरपश्चिममा लोकतन्त्र, मानवअधिकार, शान्ति, सामाजिक न्यायको आन्दोलन, भूमिअधिकार, सामाजिक आन्दोलन तथा दलित आन्दोलनमा उल्लेखनीय भूमिका रहेको कुरामा कसैको दुईमत हुन सक्दैन ।

अन्तमा दिवंगत दलित आन्दोलनका अगुवा अनिल घिमिरेज्यूप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छौं । साथै उहाँको सम्मानमा RDN नेपालले १३ दिनसम्म संगठनको आधा झण्डा झुकाउने र उहाँको फोटोमा १३ दिनसम्म ननिभ्ने निरन्तर वत्ती बाल्ने, यस अवधिमा कुनैपनि औपचारिक कार्यक्रमको आयोजना नगर्ने र १३ औं दिनको दिनमा सम्पूर्ण जिल्ला शाखाहरुमा श्रद्धान्जली कार्यक्रमको आयोजना गर्ने निर्णय गरिएको छ । साथै उहाँको राजनीति, समाज सेवा र दलित आन्दोलनमा खेलेको भूमिकालाई RDN नेपालको तर्फबाट उहाँको वार्षिकीमा प्रकाशन गरिने व्यहोरा यसै प्रेस विज्ञप्ति मार्फत अवगत गराउन चाहन्छौं ।

**गणेश वि.के.** **मिति : २०६८ पौष ४ गते**

**अध्यक्ष**